# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २० गते २०२३ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

नेपालको संविधानको धारा ७९ को उप–धारा (३) बमोजिम श्री ५ बाट बनाइबक्सेको तल लेखिएबमोजिमको "एटर्नी जनरल (सेवा शर्त) (संशोधन) नियमावली, २०२३" सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

एटर्नी जनरल (सेवा शर्त) (संशोधन) नियमावली, २०२३

एटर्नी जनरल (सेवा शर्त) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ७९ को उप–धारा (३) बमोजिम श्री ५ बाट देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "एटर्नी जनरल (सेवा शर्त) (संशोधन) नियमावली, २०२३" रहेको छ ।

(२) यी नियमावली, २०२२ साल आषाढ १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ मा रहेको "पन्ध्रसय" भन्ने शब्दको सट्टा "सत्रसय" भन्ने शब्द राखिएको छ ।

आज्ञाले–

विनोदप्रसाद धिताल

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।